# नेपालको राष्ट्रिय विकासका लागि सुरक्षा व्यवस्थापन

**भविश्वर घिमिरे**


**लेखसार**

*समृद्धिको पूर्वसर्त विकास र विकासको आधार सुरक्षा हो । विकासको अपेक्षाकृत सफलता प्रभावकारी सुरक्षा व्यवस्थाबाट मात्र सुनिश्चित हुन्छ । सुरक्षा र विकासमा एकअर्काको अन्तरनिर्भरताले मात्र राष्ट्रिय लक्ष्य प्राप्ति गर्न सकिन्छ । विकासमा सुरक्षाको योगदानलाई दुइवटा आधारबाट हेर्न सकिन्छ; पहिलो, विकासका हरेक चरणमा सुरक्षा संयन्त्रको अपेक्षाकृत व्यवस्थापन र दोस्रोमा, सुरक्षा संयन्त्रको नेतृत्व, व्यवस्थापन र अगुवाइमा गरिने विकास । विकासमा सुरक्षाको पूर्ण प्रत्याभूतिले स्वदेशी तथा वैदेशिक लगानीलाई विकासमा आकर्षण र सञ्चालनमा सहजता प्रदान गर्दछ । सुरक्षा संयन्त्रलाई राष्ट्रिय विकास प्रणालीमा आवद्ध गर्न सकेमा पूर्वाधार, ऊर्जा, सडक यातायात, पुनर्निर्माण, सीपजस्ता क्षेत्रमा दिगो र गुणस्तरीय विकासको प्रचुर सम्भावना देखिन्छ । संविधान, क्षेत्रगत कानुनहरु, पन्ध्रौं योजना, वजेट, राष्ट्रिय नीति तथा कार्यक्रमहरुले राष्ट्रिय सुरक्षालाई विकाससाग अन्तरआवद्ध गरेमा मात्र विकासले सार्थक र अपेक्षित लक्ष्य प्राप्त गर्न सक्ने कुरालाई जोड दिएको देखिन्छ । नेपालले वि. सं. २१०० सम्म प्राप्त गर्ने गरी राखेको समृद्ध नेपाल निर्माणको दीर्घकालीन सोंचको सहज प्राप्तिका लागि राष्ट्रिय सुरक्षा र विकासलाई एक रथका दुई पांग्राका रुपमा लिने गरी नीति तथा कार्यक्रमको अवलम्वन गर्नुपर्ने हुन्छ । सुरक्षा नभएको विकास र विकास नभएको सुरक्षाले मुलुक निर्माण र नागरिक अपेक्षा पूरा गर्न कुनै अर्थ नराख्ने हुँदा दुवै क्षेत्रको तादात्म्यताले मात्र राष्ट्रिय सोंच र लक्ष्य प्राप्ति सहज हुने देखिन्छ ।*


**शब्दकुञ्जीः** सुरक्षा संयन्त्र, साइवर, विकीरण, सैन्य, कुल गार्हस्थ्य उत्पादन ।

## विषय प्रवेश

नेपालको संविधानले राष्ट्रिय सुरक्षा र विकासका सम्बन्धमा पर्याप्त व्यवस्था गरेको छ। संविधानले नै स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै मानवीय सुरक्षाको पूर्ण प्रत्याभूति गर्ने नीतिलाई अंगीकार गरेको छ (*नेपालको संविधान*, २०७२, पृष्ठ २२) । नेपाल संघीय संरचनाबाट अगाडि वढ्दै गर्दा प्रभावकारी राष्ट्रिय सुरक्षा व्यवस्था र गुणस्तरीय विकासमा पर्याप्त कठिनाइ र चुनौती देखापर्दै जाने हुनाले यसको सहज र दिगो व्यवस्थापन गर्दै विकासका सवै आयामहरुलाई राष्ट्रिय सुरक्षासँग आबद्ध गरिंदै अगाडि बढ्नुपर्दछ। शान्ति सुव्यवस्था र सुरक्षाको विश्वसनीय वातावरण नै सुशासन र विकासको पूर्वसर्त हो । सुशासन र विकास शान्ति र स्थिरताको मूल आधार पनि हो। संघीय व्यवस्थाबमोजिम संघ, प्रदेश र स्थानीय तहमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षा चुनौतीलाई पूर्व अनुमान गर्न सक्ने सुरक्षा प्रणालीको विकास गर्दै समुन्नत, आत्मनिर्भर र दिगो आर्थिक विकासका लागि उपयुक्त सुरक्षा वातावरण निर्माण गर्नु राज्यको पहिलो प्राथमिकता हुनुपर्दछ। भौतिक पूर्वाधारको विकास र औद्योगीकरणमा बाधा पुऱ्याउने गतिविधिमा सुरक्षा संयन्त्रलाई मूल प्रवाहीकरण गर्दै विकासको गतिमा तीव्रता ल्याउनुपर्दछ ।

## राष्ट्रिय सुरक्षा र विकास

राष्ट्रिय सुरक्षा वहुआयामिक राष्ट्रिय विषय भएकाले यसले मुलुकको सार्वभौमिकता, राष्ट्रिय अखण्डता,

राजनीतिक, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र मानवीय पक्षलाई समेटेको हुन्छ । राष्ट्रिय सुरक्षाको सुनियोजित सुरुवात दोस्रो विश्वयुद्ध पश्चात् अमेरिकाबाट भएको हो । प्राचीन समयमा सुरक्षालाई सैन्य सुरक्षामा मात्र केन्द्रित गरिए तापनि समाजको बदलिँदो स्वरुप, राष्ट्रियता र विकासको सवालले प्राथमिकता पाउँदै गर्दा राष्ट्रिय सुरक्षा सैन्य क्षेत्रमा मात्र सीमित नभई यसले राजनीतिक, आर्थिक, वातावरणीय, खाद्य, ऊर्जा, सीमा-सुरक्षा आदिलाई पनि समेटेको पाइन्छ ।

विकास एक प्रक्रिया हो जसले तत्कालको स्वरुपमा गुणात्मक सुधार र रुपान्तरण ल्याउँछ । विकासको परिर्वतित अवधारणाले आर्थिक, सामाजिक अवस्थाको सुधार, स्तरीय र सम्मानित जीवनयापनको अपेक्षा राखेको हुन्छ । विकासको उद्देश्य भनेको वातावरणमा कुनै नकारात्मक प्रभाव नपारी जीवनको गुणस्तरमा वृद्धि तथा रोजगारीका अवसरहरूको सिर्जना वा विस्तार जस्ता गुणस्तर परिवर्तनको पक्ष समावेश गर्दछ ।

**राष्ट्रिय सुरक्षा र विकासबीचको अन्तरसम्बन्ध**

राष्ट्रिय सुरक्षा र विकास फरक तर अन्तरसम्बन्धित विषयहरु हुन् । राष्ट्रिय विकास र राष्ट्रिय सुरक्षा एउटै सिक्काका दुई पाटाहरु हुन् । राज्य तथा नागरिकको प्रभावकारी सुरक्षा व्यवस्था गर्नु विकासको पूर्व सर्त पनि हो । राष्ट्रिय सुरक्षा, राष्ट्रिय अस्तित्व र राष्ट्रको सामाजिक, राजनीतिक हितको स्थापना र यसलाई कायम राख्न विकास र सुरक्षालाई अन्तरआवद्ध गर्नुपर्दछ । मुलुकको अपेक्षाकृत विकासले सुरक्षा व्यवस्थाको प्रभावकारिताको संकेत गर्दछ भने सुरक्षा व्यवस्थाको कुशल व्यवस्थापनले सकारात्मक विकासको पक्षलाई पनि संकेत गरेको हुन्छ । तसर्थ यी दुबै विषयलाई एक अर्कासँग छुट्याउन नसकिने र एकको सहयोगमा मात्र अर्कोले सार्थक सफलता प्राप्त गर्न सक्दछन् ।

भारत र चीनजस्ता विशाल र आर्थिक तथा प्राविधिक विकासमा प्रतिस्पर्धारत मुलुकका वीचमा अवस्थित भूपरिवेष्ठित मुलुक नेपालले दुवै देशसँग आर्थिक र विकासको सहयात्रा गर्नुपर्ने अवस्था रहेको छ भने भारततर्फको खुला सिमानाका कारण राष्ट्रिय सुरक्षामा चुनौती देखिने पक्का छ । विशेष गरी गरिबी, बेरोजगारी, कार्यात्मक उद्योगहरूको अभाव, कम वैदेशिक लगानी, सार्वजनिक कोषको विचलन, युवा प्रतिरोधकता, धार्मिक र सामाजिक हिंसाजस्ता सूचकहरु सुरक्षा प्रणालीसँग अन्तरसम्वन्धित रहेका छन् । यी क्षेत्रहरुको स्पष्ट पहिचान र उचित व्यवस्थापनबाट मुलुकले समृद्धि प्राप्त गर्ने हुँदा सुरक्षा र विकासका साझा सूचक र आयामको पहिचान गर्नु पहिलो आवश्यकता पनि हो । कुनै मुलुक अल्पविकसित हुनुमा सुरक्षा संयन्त्रको प्रभावकारी व्यवस्थापन हुन नसक्नुलाई पनि लिने गरिएको पाइन्छ । उदाहरणका लागि दक्षिण सुडान, क्यामरुन, भेनेजुयेला, नाइजेरिया जस्ता मुलुकहरुको सुरक्षा संयन्त्रको यथोचित व्यवस्था नहुँदा विकासमा निकै पछाडि रहेको देखिन्छ । यसको मुख्य कारण आन्तरिक द्वन्द्व र असुरक्षा नै हुन् । यसले पनि सुरक्षालाई विकासको अपरिहार्यता हो र पूर्वसर्त हो भन्ने कुराको पुष्टि गर्दछ । राष्ट्रिय सुरक्षा संयन्त्रमा गरिएको लगानी र खर्चको विकास र सुरक्षा उपलब्धिको अन्तरसम्बन्धलाई तलको चित्रबाट स्पस्ट पार्ने प्रयास गरिएको छ :




चित्र नं १

विकासको योजना निर्माणका चरणदेखि नै सुरक्षा प्रक्रिया समावेश हुने हुँदा विकासको सफलता तथा

उपलब्धिको निर्धारकका रुपमा पनि सुरक्षा प्रणालीलाई समावेश गरिएको पाइन्छ (Stewart, 2006, p. 2)। सुरक्षा संयन्त्रको भूमिका राष्ट्रिय सुरक्षा प्रणालीमा मात्र नभएर विकासका आयामहरुमा उल्लेख्य रुपमा रहेको पाइन्छ। सुरक्षा संयन्त्रभित्र पनि नेपाली सेनाले विकासमा दिएको योगदान उच्च रहेको देखिन्छ। सडक संजालको निर्माणमा सुरक्षा संयन्त्रको उल्लेख्य भूमिका देखिन्छ जुन विकासको पहिलो सूचक पनि हो। त्यस्तै वनजंगल तथा निकुञ्जको संरक्षण, पुनर्निर्माणमा अग्रसरता, खानेपानी, स्वास्थ्य, पुल निर्माण, विपद् व्यवस्थापन लगायतका अनेकौं क्षेत्रमा रहेको योगदान र सफलताले गर्दा मुलुकको विकास प्रणालीसँग राष्ट्रिय सुरक्षा संयन्त्रलाई अन्तरआवद्ध गर्नुपर्ने कुरा स्पस्ट हुन्छ। प्रभावकारी र योजनावद्ध विकास मार्फत् अपेक्षाकृत नतिजा हासिल गर्नका लागि सुरक्षा प्रणालीसँगको विकासको सहकार्य अनिवार्य रहन्छ।

**विकासको लक्ष्य-प्राप्तिमा सुरक्षाको भूमिका**

सुरक्षा र विकास बीचको सम्बन्ध र विकास प्रगतिमा सुरक्षाले खेल्ने भूमिकाका सम्बन्धमा बहसहरू धेरै भइरहेको पाइन्छ। नेपाल जस्तो अतिकम विकसित मुलुकको विकासका लागि सुरक्षा संयन्त्रको भूमिका उच्च रहेको सहजै विश्लेषण गर्न सकिन्छ। वैदेशिक लगानी भित्र्याउने सवालमा होस् वा स्वदेशी लगानीको सुरक्षाको पूर्ण प्रत्याभूतिको सवालमा होस्, सबैसँग सुरक्षा प्रणाली जोडिएको हुन्छ। मुलुकभित्र शान्ति सुव्यवस्था कायम राख्न र तिन तहका सरकारका कार्यक्रममा सरिक भई दिगो विकासमा योगदान पुऱ्याउन सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउनु जरुरी छ।

मुलुकमा शान्ति-सुरक्षाको स्थितिमा सुधार हुन नसकेमा लगानीको वातावरण बिग्रन जाने र विदेशी, निजी एवम् सरकारी तिनै क्षेत्रबाट हुने लगानीमा नकारात्मक असर पर्ने हुन्छ। मुलुकको समष्टिगत विकासका लागि सुरक्षालाई लगानी एवम् विकाससँग सम्वन्धित गरेर कार्यक्रमहरु सञ्चालन गर्न सकेमा प्रभावकारी र अपेक्षाकृत नतिजा हासिल गर्न सकिनेमा शंका रहँदैन।

सरकारले निजी क्षेत्रको भूमिकालाई लगानी, उत्पादन, वितरण र रोजगारी सिर्जना गरी आर्थिक विकासमा उल्लेख्य योगदान दिने क्षेत्रका रुपमा पहिचान गरेको छ। पन्ध्रौं योजना अवधिमा निजी क्षेत्रका तर्फबाट ५५.६० प्रतिशत लगानी हुने अपेक्षा गरिएको छ। निजी क्षेत्रको लगानी आर्कषण गर्नका लागि सुरक्षा र अन्य पक्षको उचित व्यवस्था हुनु जरुरी हुने भएको हुँदा पनि सुरक्षा संयन्त्रको भूमिका उच्च बनाउनुपर्ने देखिन्छ। त्यस्तै नेपालको भू-धरातलको विकटता र दुर्गमताले सबै स्थानमा सन्तुलित विकासका लागि निजी क्षेत्र कम आकर्षण हुने अवस्था भएको र उच्च जोखिम वहन गर्न नसक्ने हुँदा सुरक्षा संयन्त्रलाई नै परिचालन गरेर विकासको लक्ष्य पूरा गर्न सकिन्छ। विकास प्रक्रियासँग प्रत्यक्ष सम्वन्धित र अन्तरआवद्ध सुरक्षा क्षेत्रहरुलाई देहायअनुसार उल्लेख गरिन्छ:




चित्र नं २

सार्कका केही मुलुकहरुको सैन्य सुरक्षा र विकासको विगत ५ वर्ष समय अन्तरालको अवस्थाको विश्लेषण गर्नु उपयुक्त हुने देखिन्छ। कुल गार्हस्थ्य उत्पादनका आधारमा सैन्य क्षेत्रमा गरिएको खर्चको प्रतिशतका आधारमा पनि मुलुकले गरेको विकास र जोडिएको सुरक्षालाई सहजै अनुमान गर्न सकिन्छ ।

**कुल गार्हस्थ्य उत्पादनका आधारमा सैन्य क्षेत्रमा गरिएको खर्च प्रतिशतमा**

| देश | वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०१० | २०१२ | २०१४ | २०१६ | २०१८ |
| बंगलादेश | १.३२ | १.३२ | १.२७ | १.३८ | १.३६ |
| भारत | २.७० | २.५३ | २.४९ | २.५० | २.४१ |
| श्रीलंका | २.७० | २.१५ | २.४१ | २.१४ | १.८९ |
| नेपाल | १.५६ | १.४३ | १.६२ | १.७० | १.४४ |
| पाकिस्तान | ३.४२ | ३.४८ | ३.४७ | ३.५९ | ४.०२ |
| **विश्व** | २.४९ | २.३५ | २.२४ | २.२० | २.१४ |

स्रोत:data.worldbank.org/indicator/MS.MIL.XPND.GD.ZS

सुरक्षा संयन्त्रमा हुने लगानीले देशको विकास र शान्ति सुरक्षा लगायतका सूचकहरुको सहजै विश्लेषण गर्न सकिन्छ। सुरक्षा र विकासकाबीचमा प्रत्यक्ष सम्बन्ध हुने हुनाले र विकासका लागि सुरक्षा र विकासमा सुरक्षा संयन्त्रको सम्बन्धलाई उजागर गर्न सकेमा त्यसको प्रभाव समृद्ध मुलुक वनाउन सकिने कुरामा अरु मुलुकहरुको अभ्यास अनुकरणीय हुन्छ। त्यसै गरी कुल गार्हस्थ्य उत्पादनका आधारमा कुल वार्षिक आर्थिक वृदिदरको तलको तथ्यांकका आधारमा पनि सुरक्षा र आर्थिक वृदिको तुलनात्मक विश्लेषण गर्न सकिन्छ।

**कुल गार्हस्थ्य उत्पादनका आधारमा आर्थिक वृद्धिदर प्रतिशतमा**

| देश | वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०१० | २०१२ | २०१४ | २०१६ | २०१८ |
| बंगलादेश | ५.५७ | ६.५२ | ६.०६ | ७.११ | ७.८६ |
| भारत | ८.४९ | ५.४५ | ७.४१ | ८.१७ | ६.८१ |
| श्रीलंका | ८.०१ | ९.१४ | ४.९६ | ४.४८ | ३.२० |
| नेपाल | ४.८१ | ४.७८ | ५.९८ | ०.५८ | ६.६५ |
| पाकिस्तान | १.६० | ३.५० | ४.६७ | ५.५२ | ५.८३ |
| **विश्व** | ४.२९ | २.५० | २.८३ | २.४८ | २.९७ |

स्रोत:data.worldbank.org/indicator/MS.MIL.XPND.GD.ZS

जुन मुलुकले सुरक्षा चासोलाई राष्ट्रको प्राथमिकता र उच्च महत्त्वका साथमा हेरेको छ, त्यही मुलुकको नै सुरक्षा र विकासले अग्रता पनि लिएको देख्न सकिन्छ। यसै गरी वंगलादेश, भारत, श्रीलंका, नेपाल र पाकिस्तानले सन् २०१८ मा गरेको सैन्य सुरक्षा खर्च र आर्थिक वृदिदरको अवस्थालाई तलको चित्रवाट स्पष्ट गरिएको छ :




चित्र नं ३

स्रोत: data.worldbank.org/indicator

## राष्ट्रिय सुरक्षा र विकासका क्षेत्रहरु

मुलुकको वदलिंदो परिवेश, प्रविधिको उच्च विकास, विश्वव्यापीकरणको व्यापकता, संघीयता जस्ता पक्षहरुले विकास र समृद्धिको यात्रामा सुरक्षा चुनौती वढाएको देखिन्छ। विद्यमान राजनैतिक, सामाजिक, आर्थिक, पर्यावरणीय आदि क्षेत्रमा वढ्दै गएको सुरक्षा चासो र जटिलतालाई व्यावहारिक र परिपक्व ढंगबाट समयमै दीर्घकालीन सोच सहित सम्वोधन गर्न सकिएन भने यसबाट सिर्जना हुने समस्याले मुलुकमा सङ्कटको अवस्था ल्याउने हुन्छ। तल उल्लिखित सुरक्षा र विकासका क्षेत्रहरुले विकासको यात्रामा प्रत्यक्ष प्रभाव पार्ने हुँदा ती क्षेत्रहरुलाई यहाँ उल्लेख गरिन्छ :




चित्र नं ४

**विद्यमान नीतिगत एवं कानुनी व्यवस्था**

नेपालको संविधानले धारा ५१ (क) मा राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी नीतिमार्फत् राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति-सुरक्षाको विकास गर्ने, सर्वांगीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने, राष्ट्रिय सुरक्षा नीतिका आधारमा संस्थागत सुदृढीकरण गर्ने तथा राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, लगायत सबै सुरक्षा निकायलाई सवल, सुदृढ, सक्षम, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने नीति अंगीकार गरेको छ। संविधानकै भाग २८ मा राष्ट्रिय सुरक्षासम्बन्धी व्यवस्थामा सुरक्षा परिषद्, नेपाली सेना र अन्य सुरक्षा संयन्त्रका सङ्गठनसम्बन्धी पर्याप्त व्यवस्था गरेको छ। स्थानीय प्रशासन ऐन, २०२८ लगायत अन्य विभिन्न ऐन तथा कानुनहरुमा शान्ति-सुरक्षा व्यवस्थाका लागि विभिन्न प्रावधान राखिएको छ (*नेपालको संविधान*, २०७२, पृष्ठ २२, १४३)। राष्ट्रिय सुरक्षा नीति २०७३ ले विकास र सुरक्षाका सम्बन्धमा सुरक्षा संयन्त्र, सुरक्षाका प्राथमिकता, रणनीतिगत व्यवस्था र विकासका बीचको सम्बन्ध र आवश्यकतालाई उजागर गरेको पाइन्छ। चालु पन्ध्रौ योजनाले सर्वांगीण मानवीय सुरक्षा सहितको विकास र समृद्धिका लागि शान्ति-सुरक्षाको पूर्ण प्रत्याभूति गर्दै राष्ट्रिय स्वार्थ र हितको संरक्षण र संवर्द्धन गर्ने उदेश्य राखेको छ भने प्रमुख रणनीतिमा विकासका सवै आयाममा सुरक्षा चासोलाई सम्वोधन गर्दै सुरक्षा निकायको कार्यक्षमता वृद्धि गर्ने व्यवस्था गरेको छ। त्यसै गरी बार्षिक वजेट, नीति तथा कार्यक्रमहरुले पनि जनतामा सुरक्षाको अनुभूति गराई विकास र समृद्धिका लागि अनुकूल वातावरण सिर्जना गर्ने कुरा उल्लेख गरेको पाइन्छ (*राष्ट्रिय सुरक्षा नीति*, २०७३, पृष्ठ ३, ७)

**राष्ट्रिय सुरक्षा र विकाससम्बन्धी देखिएका समस्या तथा चुनौतीहरु**

१. संघीय संरचनाअनुसारको सुरक्षा नीति, कानुन तथा संस्थागत व्यवस्थाको अद्यावधिकता र पर्याप्त व्यवस्था हुन नसकेको ।

२. नेपालको खुला सिमानाका कारण सुरक्षा व्यवस्थापनमा ठूलो चुनौती रहेको ।

३. विकासको सुरक्षा र सुरक्षाको विकासमा अवधारणागत तथा व्यावहारिक चुनौती र समस्या देखिन थालेको छ ।

४. विदेशी आतंकवादीहरूले नेपालको भूमिमा रहेर अन्तर्राष्ट्रिय आतंककारी गतिविधिहरू सञ्चालन गर्ने गरेको सुन्नमा आउने गरेको छ जसले गर्दा स्वदेशी तथा विदेशी लगानीमा विकास साझेदारहरुको महत्त्व र रुचि न्यून देखिन थालेको छ ।

५. अवैध हातहतियारको ओसार-पसार, मानव बेचविखन तथा अन्य विभिन्न किसिमका तस्करीहरू हुने गरेका छन् ।

६. मुलुक संघीय शासन प्रणालीमा गइसकेको सन्दर्भमा ७६१ सरकारका चाहना, आवश्यकता र प्राथमिकताहरुले अन्तर्द्वन्द्व र अराजकताको सिर्जना गर्न सक्ने संकेतहरु देखिँदै आएको पाइन्छ जसमा सुरक्षा चुनौती प्रमुख रहने देखिन्छ ।

७. वर्षेनी हुने प्राकृतिक प्रकोपले सिर्जना गरेको सुरक्षा चुनौती समस्याका रुपमा देखिएको छ जसबाट विकास निर्माणमा ठुलो चुनौती सिर्जना गरेको छ ।

८. अराजकता तथा दण्डहीनता बढ्दै गएको छ जसले विकासका विविध आयाम र प्रक्रियामा नकारात्मक प्रभाव पार्दै गएको छ ।

९. सुरक्षाका दृष्टिबाट आयोजना व्यवस्थापनको पाटोको न्यून विश्लेषण गर्ने गरिएको छ ।

१०. प्रविधिको विकास र इन्टरनेट तथा सामाजिक संजालको बढ्दो प्रयोगसँगै सामाजिक मर्यादा, मूल्य-मान्यता विपरीतका गतिविधि बढिरहेका छन् र आपराधिक घटनाहरूमा वृद्धि भइरहेको छ जसको प्रत्यक्ष प्रभाव विकास निर्माणमा देखिएको छ ।

११. नेपालमा संघीयताको कार्यान्वयनसँगै संघ, प्रदेश र स्थानीय तह गरी तिन तहको सरकार गठन भई कार्यसम्पादन सुरु भएको लामो समय नभए तापनि तिनै तहका सरकारहरूबीच अधिकारको बाँडफाँड र प्रयोगका सम्बन्धमा देखिन थालेको मनमुटावले सुरक्षा र विकासमा प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ । (*पन्ध्रौं योजनाको आधारपत्र,* पृष्ठ २९०, २९१) ।

१२. राष्ट्रिय एकता र राष्ट्रिय स्वतन्त्रताको केन्द्रीयतामा सुरक्षा संयन्त्रको प्रजातान्त्रिक र व्यवसायीकरण गर्न सकिएको छैन ।

**राष्ट्रिय सुरक्षा र विकाससम्बन्धी समस्या समाधानका उपायहरु**

आर्थिक सबलीकरण, संरचना, स्वतन्त्रता र शासन व्यवस्थाको सुरक्षा, मानव जीवनको अस्थित्व लगायत मर्यादित जीवनका लागि अपरिहार्य सर्त र आत्मसम्मानको प्रवर्द्धन, विभेद, दमन, नरसंहार, जातिसंहार, हिंसाजस्ता अपराधको सन्त्रासबाट मुक्ति, विश्वजगतबाट अहस्तक्षेप, सम्मानपूर्ण व्यवहारको अनुभूति गराउने संयन्त्र राष्ट्रिय सुरक्षा हो । माथि पहिचान गरिएका समस्या तथा चुनौतीको प्रभावकारी समाधान गर्नका लागि देहायअनुसारको उपायहरु अवलम्बन गर्नु उपर्युक्त हुन्छ :

१. मुलुकमा सञ्चालित ठूला र रणनैतिक महत्त्वका विकास योजना सञ्चालन गर्दा त्यसले राष्ट्रिय सुरक्षामा पार्ने प्रभाव लेखाजोखा र विश्लेषण गरिनु पर्दछ ।

२. विपद् व्यवस्थापन र सम्भावित क्षती न्यूनीकरण गर्न आवश्यक कार्यक्षमता विकास गर्ने गरी सुरक्षा संयन्त्रको व्यवस्था गरिनुपर्दछ ।

३. रणनैतिक र सामरिक महत्त्वका पूर्वाधार निर्माण लगायतका आयोजनामा सुरक्षा निकायलाई आवश्यकताअनुसार संलग्न गराउनुपर्दछ ।

४. राष्ट्रिय गौरवका आयोजना र सामरिक महत्त्वका विकास आयोजनाका लागि जग्गा प्राप्ति, निर्माण, सञ्चालन, तथा व्यवस्थापन सम्बन्धमा आवश्यकतामुखी सुरक्षा व्यवस्था मिलाउनुपर्दछ (*पन्ध्रौं योजनाको आधारपत्र,* पृष्ठ ३१०,३११) ।

५. औद्योगिक, सेवामूलक र उतपादनशील क्षेत्रहरुमा विशेष सुरक्षा एकाइको स्थापना गरी सुरक्षाको उचित वन्दोवस्त गरिनुपर्दछ ।

६. राष्ट्रिय महत्त्वका आयोजनाको सञ्चालन तथा निर्माणमा सुरक्षा निकायको सीप, क्षमता, कार्यकुशलता

उपयोग गर्ने व्यवस्थालाई थप प्रभावकारी वनाउनुपर्दछ ।

७. स्वदेशी तथा विदेशी लगानी अपेक्षाकृत रुपमा भित्र्याउने र सोको पूर्ण सुरक्षा सहितको लगानी वातावरण तयार गर्नुपर्दछ ।

८. दिगो विकासका लागि समयानुकूल सुरक्षा नीति, कानुन तर्जुमा र प्रभावकारी कार्यान्वयन संयन्त्रको व्यवस्था मिलाउनुपर्दछ ।

९. शान्तिमैत्री विकास प्रणाली प्रकिया अवलम्वन गर्दै सामाजिक र आर्थिक विकासका क्षेत्रमा सुरक्षा व्यवस्थालाई समावेश गर्ने नीति अवलम्वन गर्नुपर्दछ ।

१०. सुरक्षाको विकास र विकासको सुरक्षा अपेक्षाकृत वनाउने गरी रणनैतिक कार्ययोजना तयार गर्नुपर्दछ ।

११. भूकम्प, भूक्षय, बाढी-पहिरो जस्ता प्राकृतिक विपत्ति, जलवायु परिवर्तन र पर्यावरणीय ह्रास, रासायनिक, विकीरण र प्रविधिजन्य विपद् व्यवस्थापनमा सुरक्षा सहभागिता उच्च वनाउनुपर्ने हुन्छ ।

१२. मुलुकको पुनर्निर्माणको राष्ट्रिय अभियानमा सुरक्षा संयन्त्रको अधिकतम उपयोग तथा परिचालन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१३. कमजोर अर्थतन्त्र र परनिर्भरता, अशिक्षा, गरिबी, अव्यवस्थित बसाइसराइ, स्रोत र साधनको समन्यायिक वितरण, राजस्व चुहावट, लगानी प्रतिकूल वातावरण, नागरिक अधिकारको दुरुपयोग, नैतिक मूल्यको उदासीनताप्रति सम्बोधन । (प्रशासन, अनलाइन पत्रिका, २०१९)

**निष्कर्ष**

सुरक्षा प्रणालीका वहुआयामिक क्षेत्रहरुको पहिचान गर्दै विकास योजनामा सुरक्षालाई मूल प्रवाहीकरण गर्न सकेमा मात्र मुलुकको राष्ट्रिय लक्ष्य सहज रुपले पूरा गर्न सकिन्छ । सुरक्षाले मानव कल्याणका अतिरिक्त विकासका आयामहरूमा पुर्‍याउने सहयोग र योगदानको उच्च मूल्यांकन गरी विकास प्रक्रियासँग आबद्ध गराउदै जानुपर्दछ । नीति र कार्यक्रमको तर्जुमा, कार्यान्वयन र समग्र प्रकियामा सुरक्षालाई कसरी व्यवस्थापन गरिएको छ भन्ने कुराको गम्भीर विश्लेषण गरिनुपर्दछ । विश्वव्यापीकरण, आर्थिक उदारीकरण र निजी क्षेत्रको आगमनले विकासमा सुरक्षाको भूमिका र रणनीतिगत चुनौतीलाई बढावा दिँदै गएकाले यसको सन्दर्भमा रणनैतिक योजना र प्रभावकारी व्यवस्थापन महत्त्वपूर्ण हुन्छ । नेपालले आर्थिक विकास र समृद्धिको लक्ष्य पूरा गर्न तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता पूरा गर्न सन्तुलित रुपमा विकासका आयाममा सुरक्षा व्यवस्था प्रभावकारी र सशक्त वनाउने नीति अवलम्वन गर्नु वाञ्छनीय हुन्छ । स्वदेशी तथा विदेशी लगानी र प्रविधिको प्रयोग गर्दै मुलुकको समग्र विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउन सुरक्षा व्यवस्थामा कानुनी, नीतिगत, संस्थागत, कार्यगत र व्यवस्थापकीय सुधार र सुदृढीकरण गर्दै विकासँग अन्तरआवद्ध गर्नेतर्फ केन्द्रित हुनुपर्दछ ।

**सन्दर्भ सामग्री सुची**

*नेपालको संविधान,* (२०७२), धारा ५१ (क) र धारा २६६-२६८, नेपाल कानुन आयोग, काठमाडौ

*राष्ट्रिय सुरक्षा नीति,* (२०७३), बुँदा १.३, २.४, २.८, नेपाल कानुन आयोग, काठमाडौ

*पन्ध्रौं योजनाको आधारपत्र,* (आ. व. २०७६/०७७( २०८०/०८१), परिच्छेद ९को ९.३ खण्ड, राष्ट्रिय योजना आयोग, काठमाडौ

Stewart, F. (2006), Development and decurity, human security and ethnicity, university of Oxford. Queen Elizabeth House, pp. 3-6.

Stockholm International Peace Research Institute (SIPRI), (2019), Yearbook: Armaments, disarmament and international security, Sweden. indicator code MS.MIL.XPND. GD.ZS, military expenditure (% of GDP), Excel sheets by world bank.

World Bank Group, (2019), Indicator code NY.GDP.MKTP.KD.ZG, GDP Growth (annual %), Excel sheet.

अनलाइन प्रशासन पत्रपत्रिका, (२०१९), काठमाडौं